"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :
चलानी नं. :

मिति : २०८१/११/१२

**प्रदेश सकारबाट हस्तान्तरित सशर्त कृषि कार्यक्रमको आवेदन माग सम्बन्धी सूचना !!!**
**(दोस्रो पटक प्रकाशित मितिः २०८१/११/१२)**

नमोबुद्ध नगरपालिकाको आ.व. २०८१।८२ को प्रदेश तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा तपसिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले तोकिएको सम्बन्धित वडाका ईच्छुक कृषि सहकारी/कृषक समुह/कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको आवश्यक कागजातसहित यस कार्यालयको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यस दिनको भोलिपल्ट कार्यालय समयभित्र निवेदन पेश गर्नुपर्नेछ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | आवेदन पेश गर्न सक्ने लाभग्राहीहरु | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यविधि |
|---|---|---|---|---|
| १ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम वडा नं .११ | कृषि फर्म/कृषक समूह/कृषि सहकारी | नमोबुद्ध नगरपालिका वडा नं .११ | स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ |
| ३ | खेती योग्य जमिनमा सिँचाई , एभोकाडो खेतीका लागि कार्यक्रम वडा नं .०६ | कृषि फर्म/कृषक समूह/कृषि सहकारी | नमोबुद्ध नगरपालिका वडा नं .०६ | |

आवश्यक कागजातहरु:

१. कार्यक्रम माग निवेदन
२. अनुसूची —१, बमोजिमको प्रतिबद्धता पत्र
३. कृषि फर्म/कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपी
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
६. प्रस्तावित कार्यक्रम स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनमा सहयोग हुने अन्य सहयोगी कागजात
७. खेती गरिने जमिनको लालपुर्जाको प्रतिलिपी वा करारनामाको प्रतिलिपी
८. अन्य कुरा प्रचलित कानुन बमोजिम हुने ब्यहोरा अनुरोध छ।

**नोटः कार्यक्रम सम्बन्धित विस्तृत जानकारीका लागि नमोबुद्ध नगरपालिका, कृषि विकास शाखामा वा मोवाईल नं. ९८०९४९७७९४ सम्पर्क गर्न सकिनेछ। साथै कार्यक्रम कार्यविधि सम्बन्धी जानकारीका लागि बागमती प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालयको वेवसाइट : http://molmac.bagamati.gov.np मा हेर्नु हुन अनुरोध छ ।**

२०८१-११-१२
..........................
(कृष्ण गिरी)
प्रमुख प्रशासकीय अधिकृत